कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय जाजरकोट

खलङ्गा, जाजरकोट

फोन नं. : ०८९-४३०२७१
वेबसाइट : www.dfojajarkot.gov.np

प.सं. :- ०८०/०८१ (योजना)
च.नं. :-

मितिः २०८०/०८/०८

## वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०८/०८

यस कार्यालय अन्तरगत प्र.नि. सुनिल थापा नेपाली समेतको जाहेरीले जिल्ला जाजरकोट छेडागाड न.पा. ७ बस्ने सुरेन्द्र बहादुर शाही समेत भएको अवैध जडिबुटी ओसारपसार गरेको मुद्दामा बरामद भएको तपशिल बमोजिमको वन पैदावार निम्न अनुसार न्यूनतम् मूल्य कायम गरिएको हुदाँ उक्त वन पैदावार जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रक्रियाबाट बढाबढ गराई लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित मिति र समय भित्र बोलपत्र खरिद तथा दाखिलाका लागि आह्वान गरिन्छ।

तपशिल

१. वन पैदावारको विवरण :

| सि.नं. | वन पैदावारको श्रोत | जात | परिमाण (के.जी.) | राजश्व दर (रु.) | न्यूनतम मूल्य (रु.) | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्र..नि. सुनिल थापा नेपाली समेतको जाहेरीले जिल्ला जाजरकोट छेडागाड न.पा. ७ बस्ने सुरेन्द्र बहादुर शाही समेत भएको मुद्दामा बरामद भएको | जटामसी (*Nardostachys grandiflora*) | १६९२.०४ | ७५/- | १,२६,९०३/- | डि.व.का. जाजरकोट | जिल्ला अदालत जाजरकोटको मिति २०८०/०२/२१ गतेको फैसला बमोजिम |

२. नयाँ पत्रिकाराष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मिति २०८०/०८/०८ गतेले २१ (एक्काईस) औं दिन मिति २०८०/०८/२८ गते कार्यालय समय भित्र यस कार्यालयबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्र खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोप्राईटरले बोलपत्र खरिद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३. खरिद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८०/०८/२९ गते सम्म दिनको १२:०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा दाखिला गर्नुपर्नेछ।

४. जसको नाममा बिक्री भएको बोलपत्र हो, उसैको तर्फबाट दाखिला गर्नुपर्नेछ। साथै बोलपत्र खरिदकर्ताले अनिवार्य आफ्नो मोबाईल नं. र इमेल ठेगाना बोलपत्र फारममा उल्लेख गरेको हुनुपर्नेछ।

५. बोलपत्रको साथमा कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटको नेपाल बैङ्क लि. जाजरकोटको खाता नं ००१०१००००००००१००१००१ कार्यालय कोड ३०५००१६६०१ मा जम्मा गरी सोको सक्कल भौचर वा कम्तीमा ६ महिना सम्मको रितपूर्वक क वर्गको बैंक ग्यारेण्टी वा बैंक ड्राफ्ट सिलबन्दी

कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय जाजरकोट

खलङ्गा, जाजरकोट

फोन नं. ०८९-४३०२७१
वेबसाईट: www.dfojajarkot.gov.np

प.सं. :- ०८०/०८१ (योजना)

च.नं. :-

मिति: २०८०/०८/०८

गरिएको खाम भित्र समावेश हुनुपर्नेछ। धरौटी रकम अनिवार्य रुपमा प्रतिस्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौचर मान्य हुनेछैन।

६. बोलपत्र दाखिला गर्ने अवधि सम्म नेपाल सरकारबाट वन पैदावारको राजश्व दररेटमा परिवर्तन भएमा सोही अनुसार न्यूनतम् मूल्य कायम भएको मानिनेछ।

७. बोलपत्रमा सकार रकम अङ्क र अक्षर दुवैमा लेखुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८. बोलपत्रमा र सो सम्बन्धी कागजातमा बोलपत्र दाता वा फर्मको सहिछाप भई नआएमा, सिल खोलिएको वा टुटफुट भएकोमा सो बोलपत्र अमान्य हुनेछ।

९. लिलाम बढाबढ हुने उपरोक्त वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

१०. दाखिला हुन आएका बोलपत्रहरु मिति २०८०/०८/२९ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ।

११. सकारकर्ताले लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र सरकार गरेको रकम (नेपाल बैङ्क लि. जाजरकोटको राजश्व खाता नं. २७५०२००००१००१००००१ कोड नं ३०७०२६६०१६ शिर्षक नं. ३३३६१) मा दाखिला गर्नुपर्नेछ।

१२. बिक्री नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ।

१३. म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१४. बोलपत्र सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा बोलपत्र अमान्य हुनेछ।

१५. बोलपत्र सदर वा बदर गर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा हुनेछ।

१६. उपर्युक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नुपरेमा यस कार्यालयले गर्न सक्नेछ। सो को जानकारी यस कार्यालयको वेभसाईट www.dfojajarkot.gov.np बाट गराईनेछ।

१७. अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका २०७३ अनुसार हुनेछ।

इति सम्बत २०८० साल मंसिर महिना ०८ गते रोज ०५ शुभम्.................................

इमेल: dfojajarkot2019@gmail.com

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"